# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, वैशाख ३१ गते, २०८१ साल (संख्या ५

## भाग २

### नेपाल सरकार

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

### सूचना

नेपाल सरकारले बाल श्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को दफा २६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूचीमा देहायका जोखिमयुक्त व्यवसाय वा कामहरु थप गरेको छः-

१. खण्ड (क) को “अश्वरोहण” भन्ने शब्द पछि “ ,सर्कसमा काम गर्ने, बन्द कोठामा काम गर्ने, हिमाल चढ्ने, डुङ्गा चलाउने, बन्जी” भन्ने शब्दहरु थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. खण्ड (ख) को "शीत भण्डार" भन्ने शब्दहरु पछि ",पशु बली गर्ने, मासु काट्ने, पशुका विभिन्न अङ्ग सफा गर्ने" भन्ने शब्दहरु थपिएका छन् ।

३. खण्ड (झ) पछि देहाएका खण्ड (झ१), (झ२), (झ३), (झ४), (झ५), (झ६) र (झ७) थपिएका छन्:-

"(झ१) इँट्टाभट्टा र इँट्टा उत्पादनसँग सम्बन्धित सम्पूर्ण कार्यहरु,

(झ२) ढुङ्गा फुटाउने, पहाड वा खोलाबाट ढुङ्गा निकाल्ने, ढुङ्गा तथा खानी विष्फोट गर्ने, रुख काट्ने, काठ सङ्कलन, काठका मुढाहरु लोड अनलोड गर्ने, जोखिमयुक्त उचाईमा जडिबुटी सङ्कलन गर्ने, खनिजको लोड र अनलोडसँग सम्बन्धित कार्यहरु,

(झ३) भारी धातुको प्रयोग (सिसा जस्ता क्याडमियम आदि) तथा हस्तकला विशेष गरी धातुको मूर्तिको उत्पादनसँग सम्बन्धित कार्यहरु र कम तापक्रममा गरिने कार्यहरु,

(झ४) औषधिजन्य उत्पादन, रङ्ग र रसायनको मिश्रण गर्ने, तताउने, भर्ने र डिस्पोजल गर्ने काम, किटनाशक विषादी औषधिजन्य स्प्रे गरेको तीन दिन भित्र बाली लगाउने तथा सङ्कलन गर्ने कार्यहरु,

(झ५) अटोमोबाइल लगायत बिजुलीबाट चल्ने उपकरण सहित मेसिनहरुको मर्मत तथा सरसफाइसँग सम्बन्धित कार्यहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ६) प्रत्यक्ष लडाइँ गर्ने, जासुसी गर्ने वा सोको लागि सहयोग गर्ने कार्यहरु,

(झ७) पैतृक ऋण चुक्ताका लागि विद्यालयबाट वञ्चित हुने गरी आमा बाबुको स्वीकृति विना घरायसी काममा लगाउन नपाईने कार्यहरु ।"

**आज्ञाले,**

**घनश्याम उपाध्याय**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।